आज मिति २०८२/१०/२३ गते शुक्रवारका दिन यस कार्यालयका कार्यालय प्रमुख श्री सीताराम राउतको अध्यक्षतामा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलविच सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई बस्तुनिष्ठ, ठोस तथा वैज्ञानिक प्रमाण समेतका आधारमा थप सुदृढ र प्रभावकारी बनाउनका साथै अदालतमा पेस भएका मुद्दाहरुमा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी छलफलका गरी देहाय बमोजिम निर्णय गरियो :-

| उपस्थितिः- | दर्जाः | कार्यालयः | हस्ताक्षरः |
|---|---|---|---|
| १. श्री सीताराम राउत | जिल्ला न्यायधिवक्ता | जि.स.व.का.सिराहा | |
| २. श्री वासुदेव पाठक | प्रहरी उपरीक्षक | जि.प्रहरी का. सिराहा | |
| ३.श्री कैलाश राई | प्रहरी नायव उपरीक्षक | ईलाका प्रहरी का. लाहान | |
| ४.श्री लोकराज पोखरेल | सहायक जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.सिराहा | |
| ५.श्री बिद्यानन्द साह | सहायक जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.सिराहा | |
| ६.श्री मुनी पटेल | सहायक जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.सिराहा | |
| ७.श्री कन्चन यादव | शाखा अधिकृत | सिराहा जिल्ला अदालत | |
| ८.श्री ओमप्रकाश पंडित | प्रहरी निरीक्षक | जि.प्रहरी का. सिराहा | |
| ९.श्री राजु प्रसाद ढकाल | प्रहरी निरीक्षक | ईलाका प्रहरी का. लाहान | |
| १०.श्री जिवकान्त चौधरी | प्रहरी निरीक्षक | ईलाका प्रहरी का. मिर्चैया | |
| ११.श्री सुदन के.सी | प्रहरी निरीक्षक | ईलाका प्रहरी का. गोलवजार | |
| १२.श्री विशाल मल्ल | प्रहरी निरीक्षक | ईलाका प्रहरी का. पतार | |
| १३. श्री रमेश साह | ना.प्र.उ. | जि.प्र.का. सिराहा | |
| १४. | | | |
| १५. | | | |

**निर्णयहरुः-**

१. करणी सम्बन्धी कसूरमा घटनास्थलको गोपनियता कायम गर्ने समबन्धमा

करणी सम्बन्धी कसूरमा पीडित पक्षको नामको गोपनियता कायम गरेको देखिएतापनि घटनास्थलको गोपनियता कायम नगर्दा गोपनियताको अर्थ नहुने भएकोले सोको परिपालन गर्ने निर्णय गरियो।

२. करणी सम्बन्धी कसूरमा पीडितलाई अभियोग पत्रका साथ उपस्थित गराउने सम्बन्धमा

करणी सम्बन्धी कसूरमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ३२ को उपदफा (२) बमोजिम करणी सम्बन्धि कसूरमा अभियोग पत्र सहित पीडितलाई उपस्थित गराउने भन्ने

कानूनी व्यवस्था भएकोले अभियोग पत्र अदालतमा पेस हुने दिन पीडितलाई उपस्थित गराउने सम्बन्धमा अनुसन्धान गर्ने निकायले सहजिकरण गर्ने निर्णय गरियो।

३. <u>बकपत्र सम्बन्धमा</u>

प्रहरी प्रतिवेदनबाट उठान भएका मुद्दाहरुमा बकपत्र गर्ने सम्बन्धमा प्रतिवेदक अदालतलेपहिलो पटक तोकेको दिन नआउने गरेको, पटक-पटक आदेश माग गरेपछि मात्र आउने गरेको देखिएको,र कतिपय मुद्दाहरुमा प्रतिवेदकले प्रतिकूल वकपत्र गरेको देखिएको हुँदा अव देखि पटक-पटक आदेश लिई प्रतिवेदकको वकपत्र गर्नु नपर्ने र प्रतिकूल वकपत्र गरेमा कानून बमोजिम सजाय समेत हुने कानूनी व्यवस्था रहेकोले कानून सम्मत वकपत्र गर्ने समेत निर्णय गरियो।

४. <u>घटना विवरण कागज गराउदा तीनपुस्ते खुल्ने गरी कागज गर्ने सम्बन्धमा</u>

पहिचान खुल्नेपरिचय- पत्र र निजको तिनपुस्ते खुलाई कागज गर्ने र परिचय पत्र नलिई कागज गराउदा नामथर समेत फरक परी वकपत्र समेत हुन नसकेको देखिदा वास्तविक नाम थर फरक नपर्ने गरि कागज गर्ने कतिपय मुद्दाहरुमा प्रहरी कर्मचारी समेतको कागज गर्दा सम्पर्क मोवाईल नं. राखेको नदेखिदा सम्पर्क नं. समेत राख्ने साथै कागज गर्ने मानिसहरुको वेहोरा एउटै लेखाउने गरेको देखिदा सो विषयमा पुनः विचार गरी कागज गर्नु पर्ने देखिएको।

५. <u>सर्वोच्च अदालतको पीडित राहत कोष संचालक समितिको मिति २०८१/८/२७ गते वसेको बैठकको अन्तरिम क्षतिपूर्ति,राहत,क्षतिपूर्तिको सम्बन्धमा प्रतिवादीको आर्थिक अवस्था खुल्ने गरी अनुसन्धान गर्ने सम्बन्धमा</u>

मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूचि १ तथा विशेप ऐनमा पीडितले अन्तरिम क्षतिपूर्ति,राहत,क्षतिपूर्ति पाउने भनी स्पष्ट लेखिएका मुद्दाहरुमा शुरू म्याद थपकै क्रममा प्रतिवादीहरुको आर्थिक अवस्था खुल्ने गरि अनुसन्धान गर्ने निकायहरुले अभियोजन गर्ने निकाय समक्ष खुलाई पठाउने र अभियोजन गर्ने निकायहरुले पनि अदातलमा अभियोग पत्र पेस गर्दा सो कुरा खुलाउन लगाउनु भनि महान्यायाधिक्ताको कार्यालय, र नेपाल प्रहरी प्रधान कार्यालयलाई पत्राचार गर्ने निर्णय भै पत्राचार गर्दा समेत पूर्ण रुपमा कार्यान्वयन नभएको भनी सर्वोच्च अदातलको पत्र महान्यायाधिक्ताको कार्यालयबाट प्राप्त हुन आएको देखिदा अव उपरान्त पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

६. थोरै मुद्दामा सम्बन्धित साक्षीहरुलाई बकपत्रको जानकारी भएको नदेखिएको हुँदा वकपत्रको लागि सम्बन्धीत जाहेरवाला र साक्षीहरुलाई वकपत्र हुनुभन्दा अगावै जानकारी गराउने निर्णय गरियो ।

७. मुद्दामा CDR विश्लेषण प्रतिवेदनबाट खुलेका सीमकार्ड धनि तथा पटक पटक फोन सम्पर्क भएका व्यक्तीहरुलाई कागज गराएको नदेखिएको हुँदा त्यस्तो कागज गराउने निर्णय गरियो ।

८. सडक दुर्घटना प्रतिवेदनको व्यहोरा पूर्ण रुपमा उल्लेख भई आएको नदेखिएको हुँदा त्यस्तो दुर्घटना प्रतिवेदन चुस्त दुरुस्त रुपले तयार गर्ने निर्णय गरियो ।

९. धेरै मुद्दामा फरार प्रतिवादीको हकमा खानतलासी मुचुल्का रहेको नदेखिएको हुँदा त्यस्तो खानतलासी मुचुल्का पुर्ण रुपमा तयारी गर्ने निर्णय गरियो ।

१०. धेरै मुद्दामा जग्गाको विवरण माग गरेको नदेखिएको जस्तै बैकिङ्ग कसुर, ठगी आद्धि मुद्दामा जग्गाको विवरण माग गर्ने निर्णय गरियो ।

११. धेरै मुद्दामा वरामदी मुचुल्कामा अभियुक्तको नाम, सहीछाप रहेको नदेखिएको हुँदा त्यस्तो सहीछाप गराई पेश गर्ने निर्णय गरियो।